# जिज्ञासा र सुझाव

श्री सम्पादक मण्डल,
हाम्रो वन सम्पदा

सुरुको अङ्कदेखि आजसम्म आइपुग्दा पत्रिका स्तरीय बन्दै गएको अनुभूति स्वयम् पत्रिका पढ्दा अनुभूति गर्न सकिन्छ। यो पत्रिका वनसँग सम्बन्धित भएता पनि क्रमैसँग नेपाली भाषाको स्तर र साहित्यिक स्तर उठाउन पनि टेवा पुऱ्याउने छ भन्ने मलाई लागेको छ। यसले सामुदायिक वनको महत्व, वन पैदावारको न्यायोचित वितरण, गरिब जनताको आयस्रोत वृद्धि गर्नमा जोड र जातीय तथा वर्गीय भेदलाई चिरेर समान न्याय दिन सह्रानीय मानवोचित नीति अगाडि सारेको छ। यसले लक्षित वर्गसम्म पुगेर युगान्तकारी जागरणको सन्देश दिन खोजेको छ। यिनै विशेषताका आधारमा यो पत्रिका वन सम्पदा मात्र नभएर मानवीय सम्पदा पनि बन्न जाने निश्चित छ।

पत्रिकालाई सधैं सजीव, कलात्मक र उपयोगी बनाउन विभिन्न कोणबाट केही सिर्जनात्मक टिप्पणीहरु प्रस्तुत गर्न अनुमति चाहन्छु।

ज्ञ। अङ्ग्रेजीको अतिक्रमण बढ्दो छ। कथ्य (बोली चाली) भाषा नै लेख्य भाषामा बढी आएको छ। त्यसलाई लेख्य भाषामा नल्याउन लेखक सचेत हुनु पर्दछ। बोलाइ र लेखाइमा धेरै फरक हुन्छ।

द्द। भाषिक नियम अनुसार क्रियापद नभै वाक्य पूरा भएको मानिदैन। समापिका क्रियापदको प्रयोग गरी वाक्यलाई सुवोधगम्य बनाउन ध्यान दिइनु पर्छ। एउटै वाक्यमा धेरै कुरा थोपर्न खोज्दा त वाक्य लामा, जटिल र क्लिष्ट बन्न जाने हुन्छन्। सकेसम्म लेख सिर्जना गर्ने तहबाटै सरल, छोटा र मीठा वाक्यमा आफ्ना कुरा राख्न ध्यान दिइनु पर्दछ। पछि मिलाउन खोज्दा वाक्य खज्मजिन सक्छ।

घ। तर, र, यद्यपि, भने, किनभने जस्ता संयोजकहरु पूर्ण विराम दिइ सकेपछि वाक्यको सुरुमा आएका छन्। व्याकरणीय हिसाबले यो राम्रो मानिन्न। शब्द र उपवाक्यहरुलाई जोड्ने क्रममा मात्र संयोजक प्रयोग गरिनु पर्दछ। यस्ता कुराहरु ख्याल गर्न तथा सकेसम्म जन जिब्रोमा पचेका शब्द प्रयोग गर्न ध्यान दिइनु पर्दछ।

द्ध। लेखक, कवि र टिप्पणीकारहरुको तस्विरका साथै सामान्य परिचय दिइनु सूचनाको दृष्टिले राम्रो मानिनेछ।

छ। लेख अनुसार चित्र, तालिका आदि पनि सकेसम्म रङ्गिन रुपमा राख्न सके पत्रिका अझ आकर्षक र पठनीय हुन सक्ने थियो।

ट। वन सम्बन्धी लेखहरुमा विविधता दिन लेख, कविता, टिप्पणीका साथ-साथै गीत, सम्वाद, छोटा एकाङ्की, चेतनामूलक चिठी, हास्यव्यङ्ग्यात्मक लेख र सामान्य जानकारी दिने खालका रोचक सामाग्रीहरु पनि थपेर पाठकहरुलाई नयाँ परिकार र स्वाद लिने नयाँ अवसर दिइनु राम्रो हुनेछ।

ठ। लेखक (बढी लेखहरु उपलब्ध गराइरहनेहरु) कवि, सम्पादक, प्रकाशक, डिजाइनर, वितरकहरुका साथै केही उच्च चेतनाका सचेत पाठकहरु समेतको भेला एवम् अन्तर्क्रिया गरेर पत्रिकालाई अझ स्तरीय बनाउन, अझ सजीव र कलात्मक स्वरुप दिन, व्यावहारिक र उपयोगी समेत बनाउन पनि ध्यान दिइनु राम्रो हुने छ।

अन्त्यमा भाषा सम्पादन गर्न जादा पनि केही कमी कम्जोरी भएकै हुन सक्छन्। भाषिक शुद्धता भएपनि बाक्य अर्थपूर्ण र स्पष्ट नभैरहेका हुन सक्छन् भने कहिले भावपूर्ण वाक्य भएता पनि भाषिक अपूर्णता भइरहेका हुन सक्छ। चामलमा वीयो हुन्छ नै, त्यो वीयो पाठकहरुबाट औल्याइ माया देखाइरहनु हुने छ भन्ने अपेक्षा गरिन्छ। पाठकहरु र समालोचकहरुको माया बाट भाषिक सम्पादन तथा अन्य सम्पादन कार्यहरु राम्रो हुँदै जाने कुरामा विश्वास लिन सकिन्छ।

धन्यवाद।

विजयराज न्यौपाने

श्री सम्पादक मण्डल,

हाम्रो वन सम्पदा

सर्वप्रथम त म यस "हाम्रो वन सम्पदा" को नियमित पाठक तथा ग्राहक हुनुका साथै थुप्रै उपभोक्ता समक्ष यो पुस्तक पुऱ्याउने कार्य गर्दै आएको छु । सामुदायिक वन उपभोक्ता समूहहरुका धेरै उपभोक्ताले यस पत्रिकाको बारेमा राम्रो प्रतिक्रिया जनाएको पाइन्छ । तैपनी म यस पत्रिकाको शुभचिन्तक भएको नाताले यसलाई अझै सबल बनाउन सुझाव तथा सल्लाह स्वरुप दुई शब्द लेख्दैछु ।

हाम्रो वन सम्पदामा, दिगो वन व्यवस्थापन, गरिबी न्यूनीकरण, जडीबुटीको पहिचान, वनमा महिलाको पहुँच आदि वन स्रोत व्यवस्थापनसँग सम्बन्धित पक्षहरु समेटीएका छन् । नेपाल अधिराज्यभर हिमालदेखि पहाड तराईसम्मका वन तथा वातावरण सम्बन्धी भए गरेका विभिन्न क्रियाकलापहरुको ऐना सरी प्रकाशन गरी हामीले पढ्न पाएको खण्डमा फरेष्टएक्सन संस्था धन्यवादको पात्र त बनी नै रहेको छ ।

हिमालका कन्दरामा लुकी बसेका अनमोल जडीबुटीहरुका बारेमा लेख रचनालाई कमै स्थान दिइएको हो कि भन्ने भान हुन्छ । अघिल्ला अङ्कहरुको अध्ययन गर्दा पनि पहाड र तराइमा मात्र पाइने जडीबुटीसँग सम्बन्धित लेखमा सीमित रहेको हो की जस्तो लाग्छ । व्यापारका कारणले लोप हुन लागेका जडीबुटीको बचाउका लागि यस पुस्तक मार्फत प्रयास गरेमा अत्यन्त फलदायी हुने थियो साथै यो पुस्तक हिमाली भेकका उपभोक्ताले पनि हात पार्न सके झनै राम्रो हुने थियो ।

आज नेपालको वन तथा वातावरण संरक्षणको लागि विभिन्न परियोजना तथा सङ्घ संस्थाले थुप्रै लगानी गरी विभिन्न क्रियाकलापहरु भइरहेका छन् । ती कार्यको पनि समीक्षा गरी सवल र सुधारका पक्षहरु औंल्याइ दिएमा ती परियोजनाहरुमा सुधार आउनुका साथै गरिबी न्युनिकरण र वन संरक्षणका नाममा खर्च गरिएको विदेशी डलरको सदुपयोग वा दुरुपयोग भएको यर्थाथ जानकारी पनि पाउन सकिन्थ्यो ।

विषम परिस्थितिको बावजुद पनि नियमीत पत्रिका प्रकाशन गरी पाठक समक्ष पुऱ्याउने फरेष्टएक्सनको कदम तथा यसको निरन्तरताको लागि अझ धेरै प्रयास गर्न अनुरोध गर्दछु । नेपाल अधिराज्यभरका सम्पूर्ण जिल्ला समक्ष पत्रिका पुऱ्याइ प्राकृतिक स्रोतको धनी तर त्यसको व्यवस्थापन, संरक्षण र उचित सदुपयोग गर्न प्रयासरत उपभोक्ताहरुको आँखा खोल्दीइ यस पत्रिकाले अझ धेरै प्रोस्ताहन पाउने नै छ भन्ने आशा एवम् विश्वास गर्दछु ।

अन्त्यमा यस पत्रिकाले दीर्घकालिन निरन्तरता लिइनै रहोस् भन्ने कामनाका साथ सुझाव स्वरुपमा दुई शब्द यही अन्त्य गर्दछु

जमुना कडेल
फेकोफन सहजकर्ता
नवलपरासी

# नेपाली भाषामा उपलब्ध प्राकृतिक स्रोत तथा सामुदायिक वन सम्बन्धी प्रकाशित सामग्रीहरू

**सङ्कलकः जया लामिछाने**

| सि.नं. | पत्रिकाको नाम | प्रकाशक | पाइने ठाउँ/पुस्तकालय |
|---|---|---|---|
| ७७ | **एक चिनारी** | जिल्ला वन कार्यालय, ललितपुर | जिल्ला वन कार्यालय, ललितपुर नेपाल फोन नं ०१ ५५२५५५९ |
| ७८ | **संरक्षण प्रचार-प्रसार पुस्तिका** | जिल्ला भू-संरक्षण कार्यालय, पाल्पा | भू-संरक्षण कार्यालय, तानसेन पाल्पा फोन नं ०१ ५२०१३९, ५२०१४० |
| ७९ | **अदुवा खेती प्रविधि** | अदुवा बाली अनुसन्धान कार्यक्रम, कपुरकोट, सल्यान | अदुवा बाली अनुसन्धान कार्यक्रम, कपुरकोट, सल्यान फोन नं ०८८ ४२९०८९ |
| ८० | **सामुदायिक वन सन्दर्भ सामाग्री** | ग्रामीण विकास समाज, लेटाङ, मोरङ | ग्रामीण विकास समाज, लेटाङ, मोरङ फोन नं ०२१ ६००७२ |
| ८१ | **प्रकृतिः पूर्वाञ्चल चौमासिक बुलेटीन** | नार्मसाप क्षेत्रीय कार्यक्रम कार्यालय, विराटनगर | नार्मसाप विराटनगर फोन नं ०२१ ५२३९१४ |
| ८२ | **सामुदायिक वन लेख सँगालो** | केयर नेपाल, ललितपुर | केयर नेपाल, कृष्णगल्ली, ललितपुर पोष्ट वक्स १६६१ |
| ८३ | **वातावरण प्रदूषण विरुद्ध सफाई अभियान एक परिचय** | नव जीवन ज्योति क्लव | नव जीवन ज्योति क्लव, चौघडा |
| ८४ | **सामुदनयिक वन विकास कार्यको प्रगति एवं एक सिंहावलोकन** | जिल्ला वन कार्यालय, पाल्पा | जिल्ला वन कार्यालय, पाल्पा फोन नं. ०७५ २०००२ |
| ८५ | **नेपाल पर्माकल्चर समूहः खवर पत्रिका** | नेपाल पर्माकल्चर समूह, बबरमहल, काठमाण्डौ | नेपाल पर्माकल्चर समूह, बबरमहल, काठमाण्डौ फोन नं ०१ ४२५२५९७ |
| ८६ | **वन संरक्षण विकास कार्यक्रमः एक झलक** | जिल्ला वन कार्यालय, तनहुँ दमौली | जिल्ला वन कार्यालय, तनहु दमौली |
| ८७ | **स्वदेशी माटोमा विदेशी बीउ** | एक्सनएड, नेपाल | एक्सनएड, काठमाण्डौ नेपाल फोन नं ०१ ४४३६४७७, ४४२१२३२ |

(नोटः- सि.नं. १ देखि ७६ सम्मका सामाग्रीहरू अघिल्ला अङ्कहरूमा हेर्नुहोला)